# जलजला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ लामाखेत पर्वत, संख्याः १ मितिः २०८२।०१।१०

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम जलजला गाउँपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-२

## जलजला गाँउपालिका उच्च तह प्राविधिक शिक्षा दलित छात्रवृत्ति कार्यविधि, २०८२

# जलजला गाँउपालिका उच्च तह प्राविधिक शिक्षा दलित छात्रवृत्ति कार्यविधि, २०८२

जलजला गाउँपालिका पर्वत स्थायी ठेगाना भइ जलजला गाँउपालिका भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययन गरी वा देशका विभिन्न विद्यालय तथा विश्वविद्यालयहरुमा उच्च शिक्षामा प्राविधिक शिक्षा अध्ययन गर्ने दलित समुदायका जेहेन्दार, आर्थिक रुपले विपन्न, दलित विद्यार्थीलाई स्नातक तहसम्मको प्राविधिक शिक्षामा पहुच पुर्याउने उद्देश्यले यस गाँउपालिकाले उच्च तह प्राविधिक शिक्षा दलित छात्रवृत्ति कार्यक्रम २०८२ देखि सञ्चालन गर्न कार्यविधि बनाइ लागु गर्न बान्छनिय भएकोले, स्थानीय सरकार सञ्चानल एन, २०७४ ले दिएको अधिकार प्रयोग गरी जलजला गाँउपालिका पर्वतले यो कार्यविधि बनाइ लागु गरेको छ।

## परिच्छेदः-१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

१. यस कार्यविधिको नाम जलजला गाँउपालिकाका उच्च तह प्राविधिक शिक्षा दलित छात्रवृत्ती कार्यविधि, २०८१ रहेको छ।

२. यो कार्यविधि गाँउपालिका अन्तर्गत रहेका सामुदायिक सरकारी विद्यालय तथा देशका विभिन्न स्थानहरुमा रहेका विश्वविद्यालयहरुमा उच्च शिक्षामा प्राविधिक शिक्षा अध्ययन गर्ने दलित समुदायका जेहेन्दार, आर्थिक रुपले विपन्न, दलित विद्यार्थीहरुलाइ लक्षित गरी बनाइएको छ ।

३. यो कार्यविधि गाँउकार्यपालिकाको बैठकबाट स्वीकृत भएको

मिति देखि लागु हुनेछ।

## २ परिभाषा:

क) गाँउपालिका भन्नाले जलजला गाँउपालिका पर्वत सम्झनु पर्दछ।

ख) गाँउकार्यपालिका भन्नाले जलजला गाँउपालिकाको गाँउ कार्यपालिका सम्झनु पर्दछ।

ग) सामुदायिक विद्यालय, विश्वविद्यालय भन्नाले सरकारी राज्यकोषबाट अनुदान प्राप्त गर्ने विद्यालय, विश्वविद्यालय सम्झनु पर्दछ ।

घ) महिला तथा बालबालिका शाखा भन्नाले गाँउपालिकाको लक्षित क्षेत्र हर्ने महिला तथा बालबालिका शाखा सम्झनु पर्दछ।

ङ) गाँउपालिका अध्यक्ष भन्नाले गाँउपालिकाका प्रमुखलाइ सम्झनु पर्दछ।

च) समिति भन्नाले कार्यविधिको दफा ३ बमोजिम गठित छात्रवृत्ति वितरण तथा व्यवस्थापन समिति सम्झनु पर्दछ।

छ) छात्रवृत्ती भन्नाले सामुदायिक विद्यालयमा अध्ययन गरी उच्च शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने दलित समुदायका विद्यार्थीहरुलाइ प्रदान गरिने छात्रवृत्ती सम्झनु पर्दछ।

## परिच्छेद :-२

## छात्रवृत्ती वितरण तथा व्यवस्थापन समिती

### ३. छात्रवृत्ती वितरण तथा व्यवस्थापन समिती:

गाँउपालिका भित्र स्थायी ठेगाना भइ उच्च शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने दलित समुदायका विद्यार्थीहरुलाइ प्रदान गरिने छात्रावृत्ती वितरण तथा व्यवस्थापन समिति तपसिल बमोजिम रहने छ:

क) गाँउपालिका अध्यक्ष -संयोजक

ख) गाँउपालिका उपाध्यक्ष -सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

ङ) संयोजकले तोकेको प्राविधिक शिक्षा सञ्चालन भएका विद्यालयहरुको प्रधानाध्यापक मध्येबाट १ जना -सदस्य

च) गाँउकार्यपालिका सदस्य मध्येबाट एकजना महिला सहित दुइ जना दलित -सदस्य

छ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा कर्मचारी -सदस्य

ज) महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य सचिव

४. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

५. बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेदः – ३
## छात्रवृत्ती प्रदान गर्ने विद्यार्थी छनोटका प्रक्रियाहरु:

६. उच्च शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने दलित समुदायका विद्यार्थीहरुलाइ प्रदान गरिने छात्रवृत्ती प्रदान गर्दा देहायका प्रकृया पुरा गरेको हुनुपर्नेछ।

क) सामुदायिक क्याम्पसहरुले अध्ययनरत विद्यार्थीहरुको विवरण ठिक दुरुस्त रुपमा भर्ना भएको र अध्ययन गरिरहेको प्रमाणित हुने पत्र।

ख) समितिले प्राप्त भएका विद्यार्थी विवरणहरुलाइ अध्ययन गरी कति विद्यार्थीहरुलाइ कुन दरमा छात्रवृत्ती प्रदान गर्ने हो सो को निर्कयौल गर्नेछ।

ग) समितिले आवश्यक ठानेमा सामुदायिक क्याम्पसबाट विद्यार्थीका भर्ना पठनपाठन शैक्षिक उपलब्धी सम्बन्धी विवरणहरु हेर्ने, चेकजाँच गर्न सक्नेछ।

घ) सेमेस्टर प्रणाली भए अघिल्लो सेमेस्टरमा तथा वार्षिक परिक्षा प्रणाली भए अघिल्लो वार्षिक परिक्षामा उत्तिर्ण भएको हुनुपर्नेछ।

ङ) समितिको सिफारिसका आधारमा तोकिए बमोजिम प्रकृया पुरा गरी सम्बन्धित विद्यार्थीहरुको वैक खाता मार्फत वा नगदै छात्रवृत्ती वापतको रकम गाँउपालिकाले उपलब्ध गराउनुपर्नेछ।

७. छात्रवृत्तिका लागि गाँउपालिकाले आवेदन माग गरेपछि सम्बन्धीत विद्यार्थीले देहायबमोजिमका कागजात सहित गाँउपालिकामा आवेदन पेश गर्नुपर्नेछ।

क) नेपाली नागरिकता वा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी,

ख) सम्बन्धित शैक्षिक संस्थामा भर्ना भएको प्रमाणपत्र वा सिफारिस पत्र,

ग) सरकारी विद्यालयबाट एस इ इ /एस एल सी उत्तिर्ण गरेको प्रमाणपत्रको प्रतिलिपी,

घ) सम्बन्धित वडा कार्यालयबाट दलित समुदायको हो भन्ने सिफारिस पत्र,

ङ) कक्षा ११/१२ मा प्राविधिक धार वा स्वास्थ्य क्षेत्रमा भर्ना भएको विद्यार्थीले एस इ इ लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी तथा स्नातक तह प्राविधिक धार अध्ययन गर्नेले एस इ इ र कक्षा १२ पासको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ।

## परिच्छेद : ४
## विविध:

८. **अनुगमन :–** विद्यार्थीलाइ प्रदान गरिएको छात्रवृत्ती रकम विद्यार्थीले प्राप्त गरे नगरेको र छात्रवृत्ती वितरण बाट उच्च शिक्षामा लक्षित वर्गको पहुँच पुगे नपुगेको सम्बन्धी अनुगमन गर्न समितिले अनुगमन अधिकृत खटाउन सक्ने र अनुगमन अधिकृतले अनुगमन गरी समितिमा अनुगमन प्रतिवेदन पेश गर्नु पर्नेछ।

९. **कार्यविधिमा संशोधन :-** यस कार्यविधिमा संशोधन गर्नु पर्ने भएमा समितिको सिफारिसमा गाँउ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

१०. **प्रचलित कानुन लागु हुने:** – यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानुनसंग बाँझिएमा प्रचलित कानुनको व्यवस्था लागु हुनेछ।

११. **बचाउ:** यस अघि भएगरेका उच्च तह दलित छात्रवृत्ती वितरण सम्बन्धी कार्य यसै कार्यविधि बमोजिम गरेको मानिने छ ।